# कानुनमा के भनिएको छ ?

तपाईंले प्रतिवादीले आफूलाई “पछ्याएको” वा आफूमाथि यौनजन्य आक्रमण गरेको पुष्टि गर्नुभयो भने मात्र न्यायाधीशले “पछ्याउन नपाउने” आदेश जारी गर्न सक्नुहुन्छ । **तपाईंले व्याख्या गर्नुभएका तथ्यहरू कानुनले तोकेका मापदण्डबमोजिम छन् कि छैनन् भन्ने कुरा निर्णय लिने अधिकार न्यायाधीशसँग हुन्छ ।**

तपाईंले **“पछ्याउने कार्य” पुष्टि गर्न** प्रतिवादीले तलका मध्ये **सबै चारवटै कार्य** गरेका छन् भनेर पुष्टि गर्नुपर्छ:

1. प्रतिवादीले तपाईंलाई **पछ्याए** वा **“धम्की दिए”** वा तपाईंलाई आक्रमण गर्ने योजना बनाएर कहीँ **लुकेर बसे**; **र**
2. प्रतिवादीसँग यो कार्य गर्ने कुनै **वैध कारण** थिएन; **र**
3. प्रतिवादीले निर्धारित समयको अवधिमा यो कार्य **एक पटकभन्दा बढी** गरेका छन्; **र**
4. प्रतिवादीले गरेको कार्य सामान्य मानिसलाई आफ्नो सुरक्षाका लागि त्रसित बनाउन वा सामान्य मानिसलाई उल्लेख्य मात्रामा भावानात्मक तनाव दिन **गम्भीर रूपमा** पर्याप्त थियो ।

सामान्य मानिसले प्रतिवादीले तपाईंलाई यौनजन्य आक्रमण गर्न, भौतिक आक्रमण गर्न वा अपहरण गर्न गइरहेको छ भन्ने लाग्ने कुरालाई **“धम्की दिएको”** बुझिन्छ । कसैले अपशब्द बोल्दैमा वा होच्याउँदैमा त्यसलाई धम्कीपूर्ण व्यवहार **मानिँदैन** । उदाहरणका लागि, कसैले तपाईंलाई जिस्काएर बोलाउँदै छ वा फेसबुकमा तपाईंबारे नराम्रो कुरा पोस्ट गरेको छ भन्दैमा न्यायाधीशले आदेश जारी गर्न सक्नुहुन्न ।

**आफूमाथि यौन आक्रमण भएको पुष्टि गर्न** तपाईंले प्रतिवादीले आफूमाथि फौजदारी कानुनमा अवैध यौन कार्यका रूपमा व्याख्या गरिएको त्यस्तो कुनै कार्य गरेको छ भन्ने कुरा अनिवार्य रूपमा पुष्टि गर्नुपर्छ । यस कानुनअन्तर्गत तपाईंलाई यौनजन्य आक्रमण हो भन्ने लाग्ने केही कुराहरू (जस्तै, सहमतिबिना महिलाको छाती छुने) समावेश गरिएको छैन ।

# कहिले, के, कहाँ

## पछ्याउन नपाउने आदेश

- यो आदेश परिवारका सदस्य, तपाईंसँगै बसोबास गरेका मानिस र तपाईं प्रेम सम्बन्धमा रहनुभएका मानिसलाई दिन **मिल्दैन**
- अनिवार्य रूपमा सिभिल डिभिजन (देवानी महाशाखा) मा दायर गरिनुपर्छ
- अनिवार्य रूपमा अदालत खुला रहने समयमा दायर गरिनुपर्छ

## दुर्व्यवहारबाट राहतको आदेश

- यो आदेश परिवारका सदस्य, तपाईंसँगै बसोबास गरेका मानिस र तपाईं प्रेम सम्बन्धमा रहनुभएका मानिसलाई दिन मिल्छ
- अनिवार्य रूपमा फ्यामिली डिभिजन (पारिवारिक महाशाखा) मा दायर गरिनुपर्छ
- अदालत बन्द भएपछि पनि दायर गर्न सकिन्छ

**भर्मोन्ट न्यायपालिका अनलाइन**

http://www.vermontjudiciary.org



# सिभिल डिभिजन (देवानी महाशाखा) मा **“पछ्याउन नपाउने” आदेश** माग गर्ने तरिका

**यदि** तपाईं **“पछ्याउन नपाउने” आदेश** माग गर्ने सोच्दै हुनुहुन्छ भने आफ्नो अनुरोध दायर गर्नुअघि कृपया यो ब्रोसर पूरै पढ्नुहोस् । यसले तपाईंलाई कानुनले कसरी काम गर्छ भन्ने कुरा बुझ्न मद्दत गर्छ । “निवेदक” भन्नाले आदेश माग गर्ने व्यक्ति हो । "प्रतिवादी" त्यस्तो व्यक्ति हो जसको विरूद्ध तपाईं आदेश जारी होस् भन्ने चाहनुहुन्छ ।

**यो ब्रोसरमा सामान्य जानकारी दिइएको छ । तपाईंले कुनै अटर्नीसँग कुरा गर्न सक्नुहुन्छ ।**

# प्रक्रियाले कसरी काम गर्छ

तपाईं "पछ्याउन नपाउने" आदेश माग गर्न तपाईंले केही फारामहरू भर्नुपर्ने हुन्छ । एउटालाई "उजुरी" भनिन्छ भने अर्कोलाई "शपथपत्र" भनिन्छ । शपथपत्रमा तपाईंले के कुराले गर्दा तपाईंले अदालतसँग आदेश माग गर्दै हुनुहुन्छ भन्ने कुरा व्याख्या गर्नुपर्छ । तपाईंले हस्ताक्षर गर्दा आफूले बताएको कुरा सत्य हो भनेर हस्ताक्षर गर्नुपर्ने हुन्छ । तपाईंले यी फारामहरू भरेपछि न्यायाधीशले तिनीहरूलाई पढ्नुहुनेछ । तपाईंले पेस गर्नुभएका तथ्यहरूले अस्थायी आपत्कालीन आदेश दिनका लागि पूरा गर्नुपर्ने मापदण्डहरू पूरा गरेका छन् कि छैनन् भन्ने कुरा न्यायाधीशले निर्णय लिनुहुनेछ ।

**न्यायाधीशले आपत्कालीन आदेश जारी नगरेको खण्डमा:**

1. तपाईंले अदालतमा आफ्नो मुद्दा प्रमाणित गर्न बयान दिन सक्नुहोस् भनेर तपाईंले अझै पनि सुनुवाइका लागि अनुरोध गर्न सक्नुहुन्छ । यदि तपाईंले सुनुवाइका लागि अनुरोध गर्नुभयो भने अदालतले प्रहरीलाई तपाईंको उजुरी, शपथपत्र र सुनुवाइको सूचना पठाउनेछ ताकि उनीहरूले प्रतिवादीलाई ती कागजातहरू दिन सकोस् । यसलाई प्रतिवादीलाई कागजात "तामेली गर्ने" भनिन्छ ।
2. यदि तपाईंले सुनुवाइका लागि अनुरोध नगर्ने निर्णय लिनुभयो भने तपाईंको उजुरी तथा शपथपत्र गोप्य रहनेछन् र त्यसको प्रतिलिपि प्रतिवादीलाई दिइने छैन ।

**यदि न्यायाधीशले आपत्कालीन आदेश जारी गरेको खण्डमा:**

1. यो अस्थायी आदेश मात्र हो । तपाईं र प्रतिवादी दुवै जना अदालतमा आएर आफ्नो कुरा पुष्टि गर्न सक्नुहोस् र आफ्नो कुरा बताउन सक्नुहोस् भनेर पछिको मितिमा सुनुवाइ तोकिनेछ ।
2. अदालतले तपाईंको उजुरी, शपथपत्र र अस्थायी आदेश प्रहरीलाई उपलब्ध गराउनेछ । प्रहरीले त्यसपछि ती कागजात प्रतिवादीलाई दिनेछ । यसलाई प्रतिवादीलाई कागजात "तामेली गर्ने" भनिन्छ ।
3. **प्रहरीले उक्त कागजपत्र तामेली नगरेसम्म अस्थायी आदेश लागू हुने छैन ।**

# सुनुवाइमा

सुनुवाइको अनुमति तपाईंले आफ्नो शपथपत्रमा लेखेकै कुराका आधारमा दिइने छैन । तपाईंले पुष्टि गर्नुपर्ने हुन्छ । तपाईंले के भएको थियो भन्ने कुराको पुष्टि गर्न अरू मानिसहरूलाई पनि ल्याउन सक्नुहुन्छ । यदि प्रतिवादी सुनुवाइमा आएको खण्डमा उनले पनि बयान दिन र साक्षी ल्याउन पाउँछन् । यी सुनुवाइहरू सार्वजनिक हुन्छन् । त्यसपछि पेस गरिएको प्रमाणले आदेश दिनका निम्ति मापदण्डहरू पूरा गर्छ कि गर्दैन भन्ने कुरा न्यायाधीशले निर्णय लिनुहुनेछ ।

**यदि न्यायाधीशले आदेश दिनका लागि प्रमाण नपुगेको निर्णय गरेको खण्डमा** अस्थायी आदेश अन्त्य हुनेछ र मुद्दा खारेज गरिनेछ ।

**यदि न्यायाधीशले आदेश जारी गरेको खण्डमा** उक्त आदेश सीमित समयका लागि मात्र जारी गरिनेछ । यदि प्रतिवादी उपस्थित भएको खण्डमा तपाईं र प्रतिवादी दुवैले सुनुवाइपछि तुरुन्तै आदेशको प्रतिलिपि प्राप्त गर्नुहुनेछ । यदि प्रतिवादी उपस्थित नभएको खण्डमा आदेश लागू गर्नुअघि प्रहरीले उक्त आदेशको प्रतिलिपि प्रतिवादीलाई दिनुपर्ने हुन्छ ।

# यदि न्यायाधीशले "पछ्याउन नपाउने" आदेश जारी नगरेको खण्डमा

न्यायाधीशले आदेश नदिएको खण्डमा तपाईं निराश हुन सक्नुहुन्छ । के भएको थियो भन्ने घटनाले आदेश दिनका निम्ति मापदण्डहरू पूरा गर्छ कि गर्दैन भन्ने कुराको निर्णय गर्ने काम न्यायाधीशको हो । पछ्याउने कार्य विरुद्धको कानुन मानिसहरूलाई भौतिक हानि हुन नदिन, यौनजन्य आक्रमण हुन नदिन वा अपहरण हुनबाट बचाउनका लागि बनाइएको हो भन्ने कुरा याद राख्नुहोस् । मानिसहरूले तपाईंलाई रूखो व्यवहार गर्छन्, गालीगलौज गर्छन्, हप्काउँछन्, आलोचना गर्छन् वा दुर्व्यवहार गर्छन् भने पछ्याउने कार्य विरुद्धको कानुनले यी कार्यहरूलाई रोक्दैन ।

# अन्य उपयोगी जानकारी

- तपाईंलाई थाहा छ भने प्रतिवादीको जन्मदिन लगायतका जानकारी अदालतलाई दिने जिम्मेवारी तपाईंको हुन्छ ।
- तपाईंको काउन्टीमा फ्यामिली (पारिवारिक) तथा सिभिल (देवानी) महाशाखा कहाँ छ भन्ने कुरा थाहा पाउन अदालतमा सम्पर्क गर्नुहोस् वा http://www.vermontjudiciary.org मा जानुहोस् ।
- तपाईंले लेख्ने सबै तथ्यहरू नोटरी गराउनुपर्नेछ । त्यसैले तपाईं अदालतमा मुद्दा दायर गर्न जाँदा आफ्नो परिचय खुलाउने प्रमाण साथमा लिएर आउनुपर्छ ।